# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## पोखरा

पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- २३४०६

मितिः- २०७९।०९।२०

विषयः निबन्ध प्रतियोगिता सम्बन्धमा ।

श्री स्थानीय तहहरु - सबै,
श्री शिक्षा विकास तथा समन्वय इकाई - सबै,
कास्की, तनहुँ, स्याङजा, गोरखा, वाग्लुङ, लमजुङ, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ ।

प्रस्तुत बिषयमा आयोगको स्थापना दिवस (माघ-२८) को उपलक्ष्यमा विद्यालय स्तरीय (१०+२ कक्षासम्म) निबन्ध प्रतियोगिता गर्न लागिएकोले यसै पत्रसाथ संलग्न सूचना बमोजिम २०७९ माघ ६ गते भित्र निबन्धहरु यस कार्यालयमा आइपुग्ने गरी निबन्ध प्रतियोगितामा सहभागिताका लागि आ-आफ्नो कार्यक्षेत्रभित्र रहेका सबै विद्यालयहरुलाई जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ ।

.................................
(बिन्दु कला भण्डारी)
शाखा अधिकृत

(सम्पर्कका लागि शा.अः- (शिक्षा) बविता शर्मा सम्पर्क नं.९८५७६३३३५५, ०६१-५७२-७०१,email:ciaapkr@gmail.com)

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौ

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९/०९/१८)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. <u>निबन्धको शीर्षक</u> :- आयोग मातहतका कार्यालयहरुबाट आयोजना हुने प्रतियोगिताका लागि निबन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ।(*द्रष्टव्यः निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ* )

२. <u>प्रतियोगिताका सहभागी</u> :- देशभरका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरु।

३. <u>निबन्धको शब्द सीमा</u> :- निबन्ध २५०० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ।

४. <u>निबन्धको भाषा</u> :- निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।

५. <u>प्रतियोगितामा सहभागी हुने प्रक्रिया</u> :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत् कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न राखी आफ्नो जिल्लासँग सम्बन्धित कार्यक्षेत्र रहेको आयोगको कार्यालयमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

| क्र. सं. | आयोगको कार्यालय | सम्पर्क नम्बर | इमेल ठेगाना | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | ईटहरी | ०२५-५८६९७० | itahari@ciaa.gov.np | ताप्लेजुङ्ग, पाँचथर, ईलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, झापा, मोरङ, सुनसरी, सप्तरी र उदयपुर (१२ जिल्ला) |
| २ | बर्दिवास | ०४४-५५०६८६<br>०४४-५५०७५७ | ciaabardibas@gmail.com | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, सिन्धुली र रामेछाप (९जिल्ला) |
| ३ | हेटौंडा | ०५७-५२३२७७ | ciaamro@gmail.com | रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाण्डौ, भक्तपुर र ललितपुर (१४ जिल्ला) |
| ४ | पोखरा | ०६१-५७२६०१ | ciaapkr@gmail.com | गोरखा, लमजुङ, तनहुँ, कास्की, |

| | | | | |
|---|---|---|---|---|
| | | ०६१-५७२६०२ | | मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ (१० जिल्ला) |
| ५ | बुटवल (सम्पर्क कार्यालय नेपालगंज समेत) | ०७१-५४००३१ | butwal@ciaa.gov.np | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ, बाँके, बर्दिया र रोल्पा (१२ जिल्ला) |
| ६ | सुर्खेत | ०८३-५२१९६० | ciaa.surkhet@ciaa.gov.np<br>ciaasurkhet@gmail.com | रुकुम (पूर्वी भाग), रुकुम(पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान (११ जिल्ला) |
| ७ | कञ्चनपुर | ०९९-५२०३६८ | ciaa.kanchanpur@ciaa.gov.np | बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा , कैलाली र कञ्चनपुर (९जिल्ला) |

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले मिति २०७९ साल माघ ६ गतेसम्म सम्बन्धित कार्यालयमा आइपुग्ने गरी आफ्नो निबन्ध पठाउन/इमेल गर्नुपर्नेछ।

७. पुरस्कार :- आयोग मातहतका कार्यालयमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ।

| | | | |
|---|---|---|---|
| १. प्रथम | - रु. १२,०००।- | (बाह्र हजार) | - १ जनालाई |
| २. द्वितीय | - रु. ९,०००।- | (नौ हजार) | - १ जनालाई |
| ३. तृतीय | - रु. ७,५००।- | (सात हजार पाँच सय) | - १ जनालाई |

८. आयोगका सात (७) वटा कार्यालयहरूमा प्रथम हुने निबन्धमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्याङ्कन समितिमार्फत एउटा सर्वोत्कृष्ट निबन्ध छनौट गरिनेछ । सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ (एक) जना विद्यार्थीलाई नगद रू २५,०००।-(पच्चीस हजार) र प्रमाणपत्रसहित सहित आयोगको ३२औं स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ।

९. राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी र निजको एक जना अभिभावकलाई भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा प्रदान गरिने तथा उपत्यकाभित्रको विद्यार्थीहरुको हकमा आतेजाते खर्च स्वरुप एकमुष्ट रकम रु. ३,०००।- प्रदान गरिनेछ।